वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY
राष्ट्रिय दैनिक
वर्ष ४५ अंक ४४ २०८३ जेठ २० गते बुधबार, नेपाल सम्वत् ११४६ June 03, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईंको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमूलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।
भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
विश्वसनीय र निष्पक्ष
खोजमूलक पत्रकारिता
विचार र विश्लेषण
सूचना र सन्देश प्रवाह

# गण्डकीको नीति तथा कार्यक्रम : नारा नयाँ, कार्यक्रम पुरानै

## गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखाना पुनः सञ्चालनको घोषणा, रैथाने बालीदेखि 'रिटर्न टू भिलेज'सम्म, गाँजा खेती र घरेलु मदिराको ब्रान्डिङ चर्चामा

भञ्ज्याङ समाचारदाता/तनहुँ

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रमलाई नयाँ नारासहित पुरानै कार्यक्रमको निरन्तरताका रूपमा हेरिएको छ । पर्यटन, कृषि, हरित अर्थतन्त्र, युवा उद्यमशीलता र पूर्वाधारलाई प्राथमिकतामा राखिएको नीति तथा कार्यक्रममा धेरै पुराना कार्यक्रमलाई नयाँ शैलीमा पुनः प्रस्तुत गरिएको देखिन्छ ।

प्रदेश प्रमुख डिल्लीराज भट्टले मंगलबार प्रदेशसभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा आर्थिक रूपान्तरण, रोजगारी सिर्जना, हरित विकास र सेवा प्रवाह सुधारलाई मुख्य लक्ष्य बनाइएको छ । तर ठूला र परिणाममुखी नयाँ योजनाभन्दा अघिल्ला कार्यक्रमकै निरन्तरता बढी देखिएको विश्लेषण गरिएको छ।

**गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखाना पुनः सञ्चालनको घोषणा**

संघीय सरकारको नीति तथा कार्यक्रम र बजेटमा खासै प्राथमिकता नपाएका गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखाना पुनः सञ्चालन गर्न गण्डकी सरकारले चासो देखाएको छ। प्रदेश सरकारले संघ सरकारसँग सहकार्य गरी दुवै उद्योग सञ्चालन गर्ने घोषणा गरेको हो। यद्यपि यी उद्योग सञ्चालन गर्ने विषय विगतका नीति तथा कार्यक्रममा समेत समेटिए पनि ठोस प्रगति हुन सकेको छैन। राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावी घोषणापत्रमै यी उद्योग पुनः सञ्चालन गर्ने प्रतिबद्धता जनाएको थियो। तर त्यसअनुसार आवश्यक बजेट व्यवस्थापन र संघ-प्रदेश समन्वय भने अझै स्पष्ट देखिएको छैन।

**पर्यटनमा महत्वाकांक्षी लक्ष्य, कार्यान्वयन चुनौतीपूर्ण**

पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको दुई वर्ष पुग्न लाग्दा पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको




आलोचना भइरहेका बेला सरकारले आगामी पाँच वर्षभित्र भारत र चीनबाट आउने पर्यटक संख्या दोब्बर बनाउने लक्ष्य सार्वजनिक गरेको छ।

पोखरा लाई अन्तर्राष्ट्रिय पर्यटन ब्रान्डका रूपमा विकास गर्ने, धार्मिक पर्यटन सर्किट निर्माण गर्ने तथा साहसिक पर्यटनलाई विस्तार गर्ने कार्यक्रम ल्याइएको छ। मुक्तिनाथ, दामोदरकुण्ड, देवघाट र त्रिवेणीधामलाई जोडेर धार्मिक पर्यटन सर्किट निर्माण गरिने नीति कार्यक्रममा उल्लेख छ। मनास्लु, अन्नपूर्ण र धौलागिरि क्षेत्रका पदमार्ग स्तरोन्नति, हेली स्किइङ, स्काई डाइभिङ र बञ्जी जम्पिङलाई पनि प्राथमिकतामा राखिएको छ। तर पर्यटक आगमनको यथार्थ तथ्याङ्कसमेत व्यवस्थित गर्न नसकेको अवस्थामा दोब्बर पर्यटक भित्र्याउने घोषणा प्रचारमुखी भएको टिप्पणी हुन थालेको छ।

**कृषि : रैथाने बालीदेखि 'रिटर्न टू भिलेज'सम्म**

कृषि क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्दै रैथाने बाली संरक्षण, कृषि करिडोर, भूमि बैंक, कृषि यान्त्रीकरण, उत्पादनमा आधारित अनुदान तथा प्राङ्गारिक खेतीलाई निरन्तरता दिएको छ ।

विदेश वा सहरबाट गाउँ फर्किएर व्यावसायिक कृषि गर्न चाहने युवालाई सहुलियतपूर्ण ऋणमा ब्याज अनुदान दिने 'रिटर्न टू भिलेज' कार्यक्रमलाई विशेष प्राथमिकताका साथ अघि सारिएको छ।

माटो परीक्षण कार्यक्रमलाई यसपटक 'माटो स्वास्थ्य प्रमाणपत्र' नाम दिइएको छ।

सुन्तला, कफी, अलैंची, स्याउ र ओखरजस्ता उच्च मूल्यका बालीको प्रवर्द्धन तथा कृषि बीमा कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ। पशु स्वास्थ्य, खोप अभियान र दुग्ध तथा मासु उत्पादन वृद्धिका कार्यक्रमलाई समेत निरन्तरता दिइँदा पाँच वर्षभित्र गण्डकीलाई पूर्ण खोपयुक्त प्रदेश बनाउने लक्ष्य राखिएको छ।

**गाँजा खेती र घरेलु मदिराको ब्रान्डिङ चर्चामा**

नीति कार्यक्रममा औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई कानुनी रूपमा नियमन गर्दै कार्यान्वयनमा लैजाने योजना विशेष चर्चाको विषय बनेको छ। त्यसैगरी घरेलु मदिराको उत्पादन, ब्रान्डिङ र नियमनलाई व्यवस्थित गरिने उल्लेख गरिएको छ। हरित अर्थतन्त्रलाई प्राथमिकतामा राख्दै वनमा आधारित उद्योग, काठ आयात प्रतिस्थापन, जलाधार संरक्षण तथा नदी-घाट सरसफाइका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

**पूर्वाधारमा नयाँभन्दा पुरानै योजनामा जोड**

पूर्वाधारतर्फ प्रदेश सरकारले नयाँ मेगा परियोजना घोषणा गर्नुभन्दा विगतदेखि अधुरा रहेका आयोजना सम्पन्न गर्ने रणनीति लिएको देखिन्छ। कोरला-पोखरा-त्रिवेणी सडक, शालिग्राम करिडोर, ग्रामीण सडक सञ्जाल, सडक पुल तथा बसपार्क स्तरोन्नतिलाई निरन्तरता दिइएको छ।

स्थानीय तहका केन्द्र जोड्ने बाँकी सडक कालोपत्रे गर्ने, मुस्ताङ-डोल्पा अन्तरप्रदेश सडक स्तरोन्नति गर्ने तथा झोलुङ्गे पुल निर्माणलाई प्राथमिकतामा

बाँकी तेश्रो पेजमा

# मुग्लिन-पोखरा सडकको 'सेफ्टी अडिट' सुरू

भञ्ज्याङ समाचारदाता/कास्की

पर्यटन राजधानी पोखरा र संघीय राजधानी काठमाडौं जोड्ने पृथ्वीराजमार्गमा दुर्घटना बढेसँगै 'सेफ्टी अडिट' सुरू गरिएको छ । स्तरोन्नतिका क्रममा रहेको सो सडकखण्डमा बढ्दो सवारी चाप र दुर्घटनालाई मध्यनजर गर्दै 'सेफ्टी अडिट' सुरू गरिएको मुग्लिन-पोखरा सडक आयोजना प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिए ।

उक्त खण्डमा अहिले स्तरोन्नति अन्तिम चरणमा छ । चार लेनमा सडकमा कालोपत्र सकिएको छ । "सडक विस्तार तथा स्तरोन्नति अन्तिम चरणमा छ, सडक प्रयोगकर्ताको सुरक्षालाई प्राथमिकतामा राखेर सेफ्टी अडिट सुरू गरेका छौं । अडिटका क्रममा सडकको मोड, चोक, पुल, साइनबोर्ड, डिभाइडर, सडकबत्ती, पैदलयात्रीको आवागमन तथा दुर्घटना सम्भावित क्षेत्रको अध्ययन गरिनेछ", आयोजना प्रमुख कुँवरले बताए ।




सरकारको १०० बुँदे कार्ययोजनामा समेत मुग्लिन-पोखरा सडकमा सेफ्टी अडिट गर्ने र यसको प्रतिवेदन अन्य सडकमा समेत लागू गर्ने उल्लेख गरिएको आयोजनाले जनाएको छ । उक्त प्रतिवेदनका आधारमा आवश्यक स्थानमा थप सुरक्षा व्यवस्था, ट्राफिक संकेत चिह्न, रेलिङ, गति नियन्त्रण तथा चेतनामूलक व्यवस्था गरिने जनाइएको छ ।

मुग्लिन-पोखरा सडक देशकै व्यस्त राजमार्गमध्ये एक मानिन्छ । सडक विस्तारका क्रममा कतिपय स्थानमा निर्माण सामग्री, धुलो तथा अस्थायी संरचनाका कारण यात्री तथा चालकले समस्या भोग्दै आएका छन् । वर्षायाम नजिकिँदै गर्दा पहिरो र दुर्घटनाको जोखिमसमेत बढ्ने भएकाले 'सेफ्टी अडिट' गर्न लागिएको हो ।

मुग्लिन-पोखरा सडक स्तरोन्नति आयोजनाको पश्चिम खण्डमा पाँच वर्षअघि सुरू भएको सडक विस्तार तथा स्तरोन्नति पटकपटक म्याद थप हुँदासमेत अझै पूरा हुनसकेको छैन । तनहुँको जामुनेदेखि पोखराको सेतीपुलसम्मको ३८.७१ किलोमिटर सडकखण्ड पश्चिम खण्डअन्तर्गत पर्दछ। आयोजनाको म्याद गत पुसमा तेस्रोपटक थप गर्दै आगामी असार १५ गतेसम्म पुर्‍याइएको छ । हालसम्म आयोजनाको भौतिक प्रगति ७८ प्रतिशत पुगेको छ ।

# भानुमा विश्व दूध दिवस मनाइयो

भञ्ज्याङ समाचारदाता/भानु

"दूध क्षेत्रको दिगो विकास : पोषण सुरक्षा र आर्थिक समृद्धिको आधार" भन्ने नारासहित भानु नगरपालिकाले विश्व दूध दिवस विभिन्न कार्यक्रम गरी मनाएको छ। नगरपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखाको आयोजनामा निम्न आयस्तर भएका तथा कमजोर अवस्थाका बालबालिकालाई दूध वितरण गर्नुका साथै ज्येष्ठ नागरिकलाई दूध तथा दूधबाट बनेका परिकार खुवाएको छ ।

शाखाका अनुसार दूध उत्पादन वृद्धि, दूधको स्वच्छता, दूधजन्य परिकार निर्माण तथा दूध सेवनको महत्वबारे सचेतनामूलक कार्यक्रम समेत सञ्चालन गरिएको थियो। कार्यक्रममा सहभागीलाई दूधको पोषणीय महत्व, स्थानीय दुग्ध उत्पादन प्रवर्द्धन तथा स्वस्थ जीवनशैलीमा दूधको भूमिकाबारे जानकारी दिइएको पशुसेवा प्राविधिक अमित ढुंगानाले बताए।

नगरपालिकाभित्र रहेका १७ वटा सामुदायिक विद्यालयका विद्यार्थीलाई दूध वितरण गरिएको शाखाले जनाएको छ। त्यसैगरी भानु नगरपालिका-६ स्थित सामुदायिक भवनमा ज्येष्ठ नागरिकलाई दूधबाट बनाइएको खिर खुवाइएको थियो ।

नगरपालिकाले दुग्ध क्षेत्रको विकास, पोषण सुरक्षाको प्रवर्द्धन तथा स्थानीय किसानको आर्थिक सशक्तीकरणका लागि यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने जनाएको छ। कार्यक्रममा सहभागीहरूले विश्व दूध दिवसले दूध उत्पादन, उपभोग तथा पोषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको बताएका छन्।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# परिणाम दिने गरी अगाडि बढ्औं

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रमले फेरि एकपटक प्रदेश सरकारका प्राथमिकता क्षेत्रलाई स्पष्ट पारेको छ । कृषि, पर्यटन, पूर्वाधार, स्वास्थ्य, शिक्षा, हरित अर्थतन्त्र र युवा उद्यमशीलतालाई केन्द्रमा राखेर ल्याइएको नीति तथा कार्यक्रममा आकर्षक नारा, महत्वाकांक्षी घोषणा र पुराना कार्यक्रमको निरन्तरता प्रशस्त देखिन्छ । तर प्रश्न के हो भने- के यिनले साँच्चिकै परिणाम दिन सक्छन् ? नीति तथा कार्यक्रम पढ्दा सरकार विकास र समृद्धिप्रति गम्भीर देखिन्छ । तर कार्यान्वयनको विगत हेर्दा नागरिकमा आशाभन्दा बढी शंका उत्पन्न हुनु स्वाभाविक छ । धेरै कार्यक्रम नयाँ नाम र नारासहित दोहोरिएका छन् । केही योजनामा भाषागत चमक थपिएको छ, तर आधारभूत समस्या उही छन् । यही कारणले नीति तथा कार्यक्रमलाई "नयाँ बोतलमा पुरानै रक्सी"को संज्ञा दिन थालिएको छ ।

सरकारले गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखाना पुनः सञ्चालन गर्ने घोषणा गरेको छ । यी उद्योग नेपालको औद्योगिक इतिहाससँग जोडिएका नाम हुन् । तर विगतका नीति तथा कार्यक्रममा पनि यस्ता घोषणा पटक–पटक दोहोरिएका थिए । कार्यान्वयन भने हुन सकेन । उद्योग पुनः सञ्चालनका लागि ठोस लगानी, स्पष्ट कार्ययोजना र संघ–प्रदेशबीच प्रभावकारी समन्वय आवश्यक पर्छ । केवल घोषणाले बन्द उद्योग चल्दैनन् । पर्यटन क्षेत्रमा पनि सरकार निकै महत्वाकांक्षी देखिएको छ । आगामी पाँच वर्षभित्र भारत र चीनबाट आउने पर्यटक संख्या दोब्बर बनाउने लक्ष्य राखिएको छ । पोखरालाई अन्तर्राष्ट्रिय पर्यटन ब्रान्ड बनाउने, धार्मिक पर्यटन सर्किट निर्माण गर्ने तथा साहसिक पर्यटन विस्तार गर्ने योजना सार्वजनिक गरिएको छ। तर पर्यटकको तथ्याङ्क व्यवस्थापनमै कमजोर रहेको अवस्थामा यस्ता लक्ष्य व्यवहारिक बन्न कठिन छ। पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको दुई वर्ष पुग्न लाग्दा पनि त्यसअनुसारको पूर्वाधार, प्रचार र योजनाबद्ध कार्यक्रम देखिन सकेको छैन । घोषणा र वास्तविक उपलब्धिबीचको दूरी घटाउनु अहिलेको मुख्य आवश्यकता हो ।

कृषि क्षेत्रमा भने केही सकारात्मक संकेत देखिएका छन् । गाउँ फर्किएका युवालाई कृषि उद्यममा जोड्ने "रिटर्न टु भिलेज" कार्यक्रम व्यवहारमा कार्यान्वयन हुन सके राम्रो परिणाम आउन सक्छ । रैथाने बाली संरक्षण, कृषि करिडोर, भूमि बैंक, कृषि बीमा तथा उत्पादनमा आधारित अनुदानजस्ता कार्यक्रम ग्रामीण अर्थतन्त्रका लागि उपयोगी हुन सक्छन् । तर विगतमा अनुदान वितरणमा देखिएका अनियमितता, पहुँचवालाको हालीमुहाली र कमजोर अनुगमन दोहोरिनु हुँदैन । कृषिलाई भाषणको विषय होइन, उत्पादन र बजारसँग जोडिएको व्यवसायका रूपमा विकास गर्नुपर्छ । नीति कार्यक्रममा गाँजा खेतीलाई कानुनी रूपमा नियमन गर्ने र घरेलु मदिराको ब्रान्डिङ गर्ने विषय पनि चर्चामा आएको छ । विश्वका धेरै देशले औषधिजन्य प्रयोजनका लागि गाँजा खेतीलाई व्यवस्थित गरिरहेका बेला नेपालले पनि सम्भावनाको ढोका खोल्नु सकारात्मक हुन सक्छ। तर यसका लागि कानुनी स्पष्टता, सामाजिक चेतना र वैज्ञानिक व्यवस्थापन अपरिहार्य छ । घरेलु मदिरालाई पनि नियन्त्रण, गुणस्तर र पहिचानसँग जोडेर व्यवस्थापन गर्न सके स्थानीय अर्थतन्त्रमा टेवा पुग्न सक्छ ।

पूर्वाधार क्षेत्रमा सरकारले नयाँभन्दा पुराना अधुरा योजना सम्पन्न गर्ने रणनीति लिएको देखिन्छ । यो दृष्टिकोण गलत होइन । धेरै योजना वर्षौंसम्म अधुरा रहँदा राज्यको लगानी खेर गएको छ । अधुरा सडक, पुल र करिडोर सम्पन्न गर्नु अहिलेको आवश्यकता हो । तर प्रदेशस्तरमा आर्थिक रूपान्तरण गर्न सक्ने ठूला औद्योगिक परियोजना, उत्पादनमूलक पूर्वाधार वा नयाँ आर्थिक केन्द्रको स्पष्ट खाका अझै देखिँदैन । केवल सडक निर्माणले मात्र समृद्धि आउँदैन, त्यसले उत्पादन, उद्योग र रोजगारीसँग जोडिनुपर्छ । स्वास्थ्य, शिक्षा र युवासम्बन्धी कार्यक्रम पनि आकर्षक नाराले भरिएका छन् । डायलाइसिस सेवामा पालो कुर्न नपर्ने व्यवस्था, मानसिक स्वास्थ्य सेवा विस्तार, एआई र साइबर सुरक्षासम्बन्धी शिक्षा, डिजिटल साक्षरता तथा युवा उद्यमशीलता कार्यक्रम सकारात्मक छन् । तर सरकारी कार्यक्रमको ठूलो कमजोरी कार्यान्वयनमै हुने गरेको छ । नीति राम्रो भए पनि कार्यान्वयन कमजोर हुँदा नागरिकले लाभ पाउन सकेका छैनन् ।

गण्डकी सरकारले यसपटक "नतिजामूलक अनुगमन", "डिजिटल शासन" र "जवाफदेही प्रशासन"को कुरा गरेको छ । यदि यी विषय व्यवहारमा लागू गर्न सकिए भने मात्र नीति तथा कार्यक्रमले अर्थ राख्नेछ । अन्यथा हरेक वर्षजस्तै आकर्षक नारा, महत्वाकांक्षी घोषणा र पुरानै योजनाको पुनरावृत्तिमा सीमित हुने खतरा रहन्छ । प्रदेश सरकारका लागि अब सबैभन्दा ठूलो चुनौती विश्वास जित्नु हो । नागरिकले भाषण होइन, परिणाम खोजिरहेका छन् । विकासका नाराभन्दा कामको प्रभाव महत्वपूर्ण हुन्छ । त्यसैले सरकार अब घोषणामुखी होइन, परिणाममुखी बन्नैपर्छ ।

# 'नेपाल वेलनेस वर्ष' : सांस्कृतिक कूटनीतिको नयाँ अध्याय

> **योग, ध्यान, प्राकृतिक चिकित्सा, आयुर्वेद, मानसिक स्वास्थ्य व्यवस्थापन तथा सजग जीवनशैली आज केवल वैकल्पिक अभ्यास होइनन्, बरू समग्र विकास, उत्पादकता र जीवन गुणस्तर सुधारका आवश्यक तत्वका रूपमा स्थापित भइरहेका छन् ।**

♦ डिल्लीराज पौडेल

विश्व आज अभूतपूर्व प्रविधिगत परिवर्तनको युगबाट गुज्रिरहेको छ। कृत्रिम बुद्धिमत्ता, डिजिटल जडान, स्वचालन तथा वैज्ञानिक नवप्रवर्तनले मानव जीवनलाई नयाँ उचाइमा पुऱ्याइरहेका छन् । तर यही समयमा मानवता मानसिक तनाव, सामाजिक एक्लोपन, भावनात्मक असन्तुलन तथा आध्यात्मिक रिक्तताको चुनौतीसँग पनि संघर्ष गरिरहेको छ । आर्थिक समृद्धि विस्तार भइरहेको छ, तर आन्तरिक शान्ति र जीवन सन्तुष्टिको खोज अझ गहिरो बन्दै गएको छ ।

यस्तो विश्व परिवेशमा राष्ट्रहरूको प्रभाव केवल आर्थिक, सैनिक वा प्राविधिक क्षमताले मात्र निर्धारण हुने अवस्था छैन। संस्कृति, मूल्य, जीवनदर्शन, विश्वास, मानवीय सम्बन्ध तथा नागरिक सहभागिताले पनि अन्तर्राष्ट्रिय सम्बन्ध र विश्वव्यापी प्रभाव निर्माणमा निर्णायक भूमिका खेल्न थालेका छन् । यही सन्दर्भमा नागरिक कूटनीति आज राज्य केन्द्रित कूटनीतिलाई पूरक मात्र होइन, धेरै अवस्थामा दिशानिर्देशक शक्तिका रूपमा उदाउँदै गएको छ ।

नेपालसँग विश्वलाई दिने एउटा विशिष्ट सभ्यतागत सन्देश छ । गौतमबुद्धको जन्मभूमि, हिमालयको काख, विविध संस्कृति र सहअस्तित्वको परम्परा, योग, ध्यान, आयुर्वेद तथा प्रकृतिसँग सन्तुलित जीवन दर्शनले नेपाललाई शान्ति, चेतना, करूणा र समग्र स्वास्थ्यको केन्द्रका रूपमा स्थापित गर्ने अद्वितीय आधार प्रदान गरेका छन् । त्यसैले 'नेपाल वेलनेस वर्ष २०२७' लाई केवल पर्यटन प्रवर्द्धन कार्यक्रमका रूपमा होइन, नेपालको सांस्कृतिक कूटनीति, नागरिक कूटनीति, सौम्य शक्ति विस्तार तथा विश्व शान्तिमा रचनात्मक योगदान पुऱ्याउने दीर्घकालीन राष्ट्रिय अभियानका रूपमा हेर्न आवश्यक छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत नेपालको पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने, आवश्यक पूर्वाधार तथा कार्यक्रमहरू विकास गर्ने तथा नेपाललाई समग्र स्वास्थ्य, आध्यात्मिक अनुभव र दिगो जीवनशैलीको वैश्विक गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य अगाडि सारेको छ । यसले 'नेपाल वेलनेस वर्ष २०२७' लाई राष्ट्रिय प्राथमिकताको विषयका रूपमा औपचारिक मान्यता दिएको संकेत गर्दछ। यस पृष्ठभूमिमा 'नेपाल वेलनेस वर्ष २०२७' केवल पर्यटन वर्ष होइन; यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य, अन्तरसभ्यतागत संवाद, नागरिक कूटनीति र मानवीय सहअस्तित्वको वैश्विक केन्द्रका रूपमा पुनर्स्थापित गर्ने ऐतिहासिक अवसर हो । यस लेखले सोही सम्भावना, चुनौती र अवसरहरूको कूटनीतिक तथा नीतिगत विश्लेषण प्रस्तुत गर्दछ ।

**सभ्यतागत शक्ति र समग्र स्वास्थ्य कूटनीतिको उदय**

नेपालको अन्तर्राष्ट्रिय पहिचान केवल भौगोलिक सीमाभित्र सीमित एक राष्ट्रको परिचय मात्र होइन, यो एक गहिरो सभ्यतागत निरन्तरता हो । हिमाल, पहाड र तराईको भौगोलिक विविधताभन्दा पनि बढी महत्वपूर्ण कुरा यहाँ विकसित भएको चेतनात्मक, सांस्कृतिक र दार्शनिक परम्परा हो, जसले नेपाललाई पूर्वीय सभ्यताहरूको संगम र जीवित प्रयोगशालाका रूपमा स्थापित गरेको छ । पूर्वीय दर्शनका बहुआयामिक धाराहरू, ध्यान तथा साधनाको परम्परा, प्रकृतिसँगको गहिरो सहअस्तित्व र बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक सहजीवनले नेपाललाई केवल एक राजनीतिक भूगोल होइन, एक जीवित सभ्यतागत संरचनाका रूपमा प्रस्तुत गर्दछ।

नेपालको यो सभ्यतागत विशेषता स्थिर वा ऐतिहासिक मात्र होइन, निरन्तर अभ्यासमा रहेको जीवनदर्शन हो । यहाँको सामाजिक जीवन, धार्मिक सहिष्णुता, सांस्कृतिक उत्सवहरू र दैनिक जीवनशैलीमा समेत प्रकृति, चेतना र सहअस्तित्वको गहिरो सम्बन्ध देखिन्छ । यही कारणले नेपाललाई जीवित सांस्कृतिक प्रयोगशालाका रूपमा बुझ्न सकिन्छ, जहाँ विविधता विभाजनको कारण होइन, सहअस्तित्वको आधार बनेको छ । समकालीन विश्वमा समग्र स्वास्थ्य अब व्यक्तिगत स्वास्थ्य अभ्यासको सीमाभित्र मात्र सीमित छैन । यो अब विश्वव्यापी अर्थतन्त्रको एक महत्वपूर्ण क्षेत्र, नीतिगत प्राथमिकताको केन्द्र र आधुनिक जीवनशैली रूपान्तरणको आधारभूत संरचना बनेको छ ।

योग, ध्यान, प्राकृतिक चिकित्सा, आयुर्वेद, मानसिक स्वास्थ्य व्यवस्थापन तथा सजग जीवनशैली आज केवल वैकल्पिक अभ्यास होइनन्, बरू समग्र विकास, उत्पादकता र जीवन गुणस्तर सुधारका आवश्यक तत्वका रूपमा स्थापित भइरहेका छन् । यही परिवर्तनशील विश्व सन्दर्भमा नेपालले समग्र स्वास्थ्य कूटनीतिलाई आफ्नो रणनीतिक राष्ट्रिय पहिचानका रूपमा विकास गर्न सक्ने ऐतिहासिक अवसर प्राप्त गरेको छ । यो कूटनीति परम्परागत राज्य केन्द्रित कूटनीतिक संरचनाभन्दा फरक छ, किनकि यसले संस्कृति, समुदाय, नागरिक सहभागिता र चेतनास्तरलाई समेत अन्तर्राष्ट्रिय सम्बन्ध निर्माणको आधार बनाउँछ । समग्र स्वास्थ्य कूटनीति केवल सरकारी नीति वा पर्यटन प्रवर्द्धनको उपकरण मात्र होइन, यो नेपालका सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई विश्वसँग जोड्ने बहुआयामिक पुल हो ।

नेपालको हिमालय केवल भौगोलिक संरचना होइन, यो विश्व चेतनामा शान्ति, स्थिरता र आत्मचिन्तनको प्रतीक हो । ध्यान परम्परा र बौद्ध दर्शनले आन्तरिक शान्ति, करूणा र मध्यमार्गको जीवनदर्शन प्रस्तुत गर्छन्। त्यस्तै योग साधना, आयुर्वेदिक परम्परा र प्रकृतिसँगको सहअस्तित्वले विकासलाई संरक्षण र सन्तुलनसँग जोड्ने दृष्टिकोण प्रस्तुत गर्दछ। यी सबै तत्वहरू मिलेर नेपाललाई यस्तो अद्वितीय सभ्यतागत स्थानमा उभ्याउँछन्, जहाँबाट विश्वलाई 'आन्तरिक सन्तुलनमार्फत बाह्य विकास' भन्ने वैकल्पिक विकास दृष्टिकोण प्रदान गर्न सकिन्छ ।

**सौम्य शक्ति र नागरिक कूटनीतिको संस्थागत रूपान्तरण**

सौम्य शक्ति कुनै पनि राष्ट्रको सैन्य क्षमतामा वा आर्थिक प्रभुत्वमा मात्र आधारित हुँदैन । यसको मूल आधार कुनै राष्ट्रको सांस्कृतिक आकर्षण, नैतिक मूल्य, सभ्यतागत गहिराइ र विश्वसँग संवाद गर्नसक्ने भावनात्मक तथा वैचारिक क्षमता हो । यही कारणले आधुनिक अन्तर्राष्ट्रिय सम्बन्धमा सौम्य शक्तिलाई दीर्घकालीन प्रभाव निर्माण गर्ने सबैभन्दा स्थायी माध्यमका रूपमा लिइन्छ । गौतम बुद्धको जन्मभूमि हुनु नेपालका लागि केवल ऐतिहासिक परिचय मात्र होइन, यो विश्वस्तरमा नैतिक र दार्शनिक प्रभाव विस्तार गर्ने अत्यन्त शक्तिशाली सभ्यतागत आधार हो ।

यससँगै हिमालयको प्रतीकात्मक शक्ति, धार्मिक सहिष्णुता, सांस्कृतिक सहअस्तित्व र विविध जीवनशैलीहरूको सजीव समन्वयले नेपाललाई शान्ति र सहअस्तित्वको जीवित सभ्यताका रूपमा स्थापित गरेको छ तर यस्तो सभ्यतागत सौम्य शक्तिलाई अन्तर्राष्ट्रिय प्रभाव र ठोस परिणाममा रूपान्तरण गर्न केवल राज्य केन्द्रित कूटनीति पर्याप्त हुँदैन । यसका लागि नागरिक कूटनीति निर्णायक र विस्तारकारी माध्यमका रूपमा स्थापित हुन्छ । नागरिक कूटनीतिले अन्तर्राष्ट्रिय सम्बन्धलाई सरकारको सीमित दायराबाट बाहिर निकाल्दै समाज, समुदाय, संस्था, युवा पुस्ता, शैक्षिक क्षेत्र, सांस्कृतिक अभियन्ता तथा प्रवासी नेपाली सञ्जालसम्म विस्तार गर्दछ । यस सन्दर्भमा 'नेपाल वेलनेस वर्ष २०२७'नागरिक कूटनीतिको एक संरचित राष्ट्रिय अभ्यासका रूपमा विकसित हुनसक्ने ऐतिहासिक अवसर हो । यस अभियानमार्फत योग प्रशिक्षक, ध्यान केन्द्र, विश्वविद्यालय, स्वास्थ्य संस्था, सांस्कृतिक समूह तथा प्रवासी नेपाली सञ्जालहरूलाई एकीकृत रूपमा परिचालन गर्न सकिन्छ ।

यस प्रकार नागरिक कूटनीति केवल सहयोगी संरचना मात्र होइन, यो सौम्य शक्तिलाई व्यवहारिक, संस्थागत र वैश्विक प्रभावमा रूपान्तरण गर्ने प्रमुख साधन हो।

**आरोग्य पर्यटन, नीति रूपान्तरण र अन्तर्राष्ट्रिय अवसर**

नेपाल सरकारले पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा पुनःपरिभाषित गर्ने नीति अघि सारेको छ। यो केवल शब्दगत परिवर्तन मात्र होइन, राष्ट्रिय विकास दृष्टिकोणमै देखिएको एक महत्वपूर्ण रूपान्तरण हो। यस नीतिले पर्यटन क्षेत्रलाई परम्परागत अवकाश र मनोरञ्जनमुखी दृष्टिकोणबाट बाहिर निकाल्दै स्वास्थ्य, कल्याण, पुनःस्थापना र समग्र जीवनशैली सुधारसँग जोड्ने प्रयास गरेको छ । यस

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ।

**वृष**
व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ।

**मिथुन**
छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला।

**कर्कट**
समाजले पदीय जिम्मेवारी दिलाउनेछ। नसोचेको अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ।

**सिंह**
रमाइलो दिन छ। दिगो तथा रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् ।

**कन्या**
काम देखाएर फाइदा लिने समय छ। शुभचिन्तकहरूको साथले पहिलेको चुनौती समाप्त होला।

**तुला**
समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ।

**वृश्चिक**
अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला। आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ।

**धनु**
अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। समयअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ।

**मकर**
पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ।

**कुम्भ**
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। स्रोतसाधन जुट्नाले नयाँ कामतर्फ आकर्षित भइनेछ।

**मीन**
रमाइलो भेटघाट हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ।

# 'नेपाल वेलनेस वर्ष': ........

नीति रूपान्तरणले नेपाललाई विश्व पर्यटन बजारमा केवल प्राकृतिक सौन्दर्यको गन्तव्यका रूपमा होइन, समग्र स्वास्थ्य, मानसिक पुनर्सन्तुलन र चेतनामूलक जीवनशैलीको केन्द्रका रूपमा प्रस्तुत गर्ने आधार तयार गरिरहेको छ। यसले नेपालको हिमाली क्षेत्र, ध्यान केन्द्र, योग परम्परा, आयुर्वेदिक उपचार प्रणाली तथा प्राकृतिक वातावरणलाई एकीकृत विकास संरचनासँग जोड्ने सम्भावना विस्तार गरेको छ ।

विश्वव्यापी रूपमा समग्र स्वास्थ्य अर्थतन्त्र तीव्र गतिमा विस्तार भइरहेको छ। अन्तर्राष्ट्रिय अध्ययनहरूले समग्र स्वास्थ्य पर्यटन विश्वकै तीव्र गतिमा बढिरहेका पर्यटन क्षेत्रहरूमध्ये एक रहेको देखाएका छन् । यस्तो पर्यटनमा सहभागी हुने यात्रुहरू सामान्य पर्यटकको तुलनामा लामो समय बस्ने, स्थानीय संस्कृति र समुदायसँग गहिरो रूपमा जोडिने तथा उच्च मूल्यका सेवा उपयोग गर्ने प्रवृत्ति राख्दछन् । यदि नेपालले आरोग्य पर्यटनलाई केवल आर्थिक गतिविधिका रूपमा सीमित नराखी यसलाई सभ्यतागत 'ब्रान्डिङ'को उच्च स्तरमा विकास गर्नसकेमा, यसबाट उच्च मूल्यको पर्यटन, अनुसन्धान तथा शैक्षिक सहकार्य, स्वास्थ्य सेवा प्रवर्द्धन र अन्तर्राष्ट्रिय ज्ञान आदानप्रदानका नयाँ अवसरहरू सिर्जना हुन सक्दछन् ।

**अन्तरसभ्यतागत संवाद र विश्व शान्तिमा नेपालको भूमिका**

आजको विश्व गम्भीर सभ्यतागत तनाव, सांस्कृतिक विभाजन र राजनीतिक ध्रुवीकरणको अवस्थाबाट गुज्रिरहेको छ । यस्तो परिस्थितिमा अन्तर्राष्ट्रिय सम्बन्ध केवल शक्ति सन्तुलनको प्रश्न मात्र नभई विश्वास निर्माण, संवाद विस्तार र सहअस्तित्वको पुनःस्थापनाको प्रश्न बनेको छ । यही संवेदनशील विश्व सन्दर्भमा नेपालले एक विशिष्ट र ऐतिहासिक भूमिका निर्वाह गर्न सक्ने सम्भावना बोकेको छ। नेपाल संवाद, शान्ति र सहअस्तित्वको प्राकृतिक पुलका रूपमा स्थापित हुनसक्ने देश हो किनकि यसको सभ्यतागत संरचना नै विविधता र सहजीवनमा आधारित छ ।

नेपाल पूर्व र पश्चिमका विचारधाराबीचको संगमस्थल हो। यहाँ पूर्वीय ध्यान र दर्शन परम्परा मात्र होइन, आधुनिक विकास आकांक्षा र वैश्विक सहभागिताको दृष्टिकोण पनि सँगसँगै उपस्थित छन् । त्यस्तै, नेपाल प्रकृति र चेतनाबीचको सन्तुलनको प्रतीक हो । यही बहुआयामिक अवस्थाले नेपाललाई सभ्यताहरू जोड्ने पुलका रूपमा स्थापित गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ। विश्वलाई आज केवल आर्थिक साझेदारी होइन, सांस्कृतिक समझदारी र भावनात्मक पुनःसंवादको आवश्यकता छ । यस सन्दर्भमा 'नेपाल वेलनेस वर्ष २०२७' केवल पर्यटन वा राष्ट्रिय प्रवर्द्धनको कार्यक्रमका रूपमा सीमित रहँदैन। यो विश्व संवाद, शान्ति र मानव चेतनाको साझा मञ्च बन्नसक्ने रणनीतिक अवसर हो ।

**नागरिक कूटनीति र गैरराज्य संस्थाहरूको भूमिका**

समकालीन अन्तर्राष्ट्रिय सम्बन्धमा कूटनीति अब केवल राज्य संयन्त्रको एकल अधिकार क्षेत्रभित्र सीमित छैन । नागरिक समाज, विश्वविद्यालय, धार्मिक तथा आध्यात्मिक संस्था, युवा सञ्जाल, सांस्कृतिक अभियन्ता तथा प्रवासी समुदायहरूले अन्तर्राष्ट्रिय सम्बन्ध निर्माणमा निर्णायक र दीर्घकालीन प्रभाव पार्ने भूमिका खेलिरहेका छन्। यसलाई नै नागरिक कूटनीति भनिन्छ, जसले कूटनीतिलाई राज्य केन्द्रित संरचनाबाट बाहिर निकालेर समाज, संस्कृति, शिक्षा र मानवीय सम्बन्धको तहमा विस्तार सक्दछन् । 'नेपाल वेलनेस वर्ष २०२७'ले यस नागरिक कूटनीतिको अभ्यासलाई व्यवस्थित, संरचित र राष्ट्रिय अभियानको रूपमा संस्थागत रूप दिन सक्ने ऐतिहासिक अवसर प्रदान गर्छ। यस अभियानमार्फत ध्यान, योग, सजगता, शिक्षा, सांस्कृतिक आदानप्रदान तथा शान्ति केन्द्रित कार्यक्रमहरूलाई अन्तर्राष्ट्रियस्तरमा विस्तार गर्न सकिन्छ ।

यस प्रक्रियामा प्रवासी नेपाली समुदाय विशेष रूपमा रणनीतिक शक्ति हो। विश्वका विभिन्न मुलुकहरूमा फैलिएको नेपाली डायस्पोरा केवल आर्थिक योगदानको स्रोत मात्र होइन, नेपाल र विश्वबीचको सांस्कृतिक र भावनात्मक पुल पनि हो । उनीहरूले आफ्नो बसोबास रहेका देशहरूमा नेपालको सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई प्रवर्द्धन गर्दै अनौपचारिक कूटनीतिक प्रतिनिधिका रूपमा काम गर्न सक्दछन्। यदि प्रवासी नेपाली समुदायलाई समग्र स्वास्थ्य, योग, ध्यान, सांस्कृतिक संवाद, शैक्षिक आदानप्रदान तथा अन्तरसांस्कृतिक सहकार्यका अभियानहरूसँग रणनीतिक रूपमा जोड्न सकियो भने, उनीहरूले नेपाललाई विश्वसँग जोड्ने अत्यन्त प्रभावकारी र दीर्घकालीन सांस्कृतिक कूटनीतिक नेटवर्क निर्माण गर्न सक्दछन् ।

**आगामी बाटो**

'नेपाल वेलनेस वर्ष २०२७' लाई सफल, प्रभावकारी र दीर्घकालीन रूपमा रूपान्तरण गर्न संस्थागत, नीतिगत र संरचनात्मक तयारी अपरिहार्य हुनेछ । यस अभियानलाई केवल कार्यक्रमगत स्तरमा सीमित नराखी राष्ट्रिय विकास दृष्टिकोणको एक एकीकृत ढाँचाका रूपमा अघि बढाउन आवश्यक छ। यसका लागि राष्ट्रिय समग्र स्वास्थ्य परिषद् एक समन्वयकारी संस्थागत आधारका रूपमा विकास गर्न सकिन्छ, जसले नीति निर्माण, कार्यक्रम कार्यान्वयन र अन्तर्राष्ट्रिय सहकार्यबीचको समन्वय सुनिश्चित गर्नेछ । त्यस्तै, हिमालय समग्र स्वास्थ्य परिपथले नेपालको भौगोलिक, सांस्कृतिक र आध्यात्मिक सम्पदालाई एकीकृत पर्यटन तथा अनुभव संरचनामा रूपान्तरण गर्ने रणनीतिक ढाँचा प्रदान गर्न सक्दछ।

अन्तर्राष्ट्रिय अनुसन्धान सहकार्यले नेपाललाई केवल सेवा गन्तव्य होइन, समग्र स्वास्थ्य, ध्यान, योग, मानसिक सन्तुलन र चेतनामूलक जीवनशैलीसम्बन्धी ज्ञान उत्पादन तथा आदानप्रदानको केन्द्रका रूपमा स्थापित गर्न मद्दत गर्नेछ । समुदाय आधारित पूर्वाधार विकासले स्थानीय स्तरमा प्रत्यक्ष सहभागिता, रोजगारी सिर्जना र सांस्कृतिक संरक्षणलाई सुनिश्चित गर्नेछ । सार्वजनिक निजी साझेदारीले लगानी, नवप्रवर्तन र दिगो विकासबीचको सम्बन्धलाई संस्थागत रूप दिनेछ । यी सबै प्रयासहरूलाई सफल बनाउन सरकार, निजी क्षेत्र, नागरिक समाज, आध्यात्मिक संस्था तथा अन्तर्राष्ट्रिय साझेदारबीच एकीकृत समन्वय प्रणाली विकास गर्नु अत्यावश्यक छ । यदि बीसौं शताब्दी शक्ति राजनीतिको शताब्दी थियो भने, एक्काइसौं शताब्दी चेतना, संस्कृति र मानवीय सहअस्तित्वको शताब्दी बन्ने सम्भावना प्रबल छ। नेपालसँग त्यस शताब्दीलाई दिशा दिने सभ्यतागत आधार अझै जीवित छ ।

नेपालसँग विश्वलाई केवल हिमाल देखाउने मात्र होइन, मानव चेतनाको अर्को सम्भावना देखाउने ऐतिहासिक अवसर पनि छ। यदि नेपालले आफ्नो सभ्यतागत सम्पदा, सांस्कृतिक शक्ति र चेतनामूलक जीवनदर्शनलाई दूरदर्शी नीति, संस्थागत तयारी र अन्तर्राष्ट्रिय साझेदारीसँग जोड्न सक्यो भने, 'नेपाल वेलनेस वर्ष २०२७' केवल एक अभियान रहने छैन; यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य र मानवीय सहअस्तित्वको अग्रणी आवाजका रूपमा स्थापित गर्ने ऐतिहासिक मोड बन्न सक्नेछ। अब प्रश्न केवल नेपालले विश्वबाट के प्राप्त गर्छ भन्ने होइन । प्रश्न यो हो कि नेपालले विश्वलाई कस्तो दिशा दिन सक्दछ। 'नेपाल वेलनेस वर्ष २०२७' त्यस प्रश्नको सभ्यतागत उत्तर बन्न सक्दछ। रासस (लेखक मलेसियाका लागि नेपाली पूर्वराजदूत हुन)

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

**नगर लोककल्याणकारी सन्देश**

नगरको वातावरण स्वच्छ र सफा राख्ने उद्देश्यले यही २०८१ जेठ १ गतेदेखि व्यास नगरपालिका भित्र कुनै प्रकारको प्लाष्टिकको झोला प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्ने निर्णय भएको हुनाले सम्पूर्ण नगरबासीहरूले सामान खरिद गर्दा कपडा, फाइवर, जुट र कागजको झोला मात्र प्रयोग गरिदिनुहुन अनुरोध गरिन्छ। साथै व्यापारी वर्गहरूले समेत प्लाष्टिकको झोलाको सट्टा वैकल्पिक झोलाहरू मात्र बिक्री वितरण गरी 'प्लाष्टिक झोला मुक्त व्यास नगर अभियान'लाई सफल बनाउने दायित्व सम्पूर्ण नगरबासीहरूको पनि भएको हुँदा सूचनाको पालना गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। यदि कोही कसैले नियम विपरित बिक्री वितरण वा प्रयोग गरेको पाइएमा प्लाष्टिक झोला जफत गरी नियमानुसार जरिवाना गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

# गण्डकीको नीति तथा .......

राखिएको छ। सार्वजनिक यातायातलाई क्रमशः विद्युतीय बनाउने तथा पोखरामा विद्युतीय सार्वजनिक यातायात सञ्चालन गर्ने कार्यक्रम पनि समेटिएको छ। तर प्रदेशस्तरमा आर्थिक रूपान्तरण गर्न सक्ने नयाँ औद्योगिक करिडोर, सुरूङ मार्ग वा स्मार्ट सिटीको स्पष्ट खाका भने अझै देखिएको छैन।

**स्वास्थ्य, शिक्षा र युवामा नयाँ नारा**

स्वास्थ्य क्षेत्रमा नियमित डायलाइसिस सेवामा पालो कुर्न नपर्ने व्यवस्था गर्ने, मानसिक स्वास्थ्य सेवा विस्तार गर्ने तथा विशेषज्ञ स्वास्थ्य सेवा सुदृढीकरण गर्ने नीति अघि सारिएको छ। आयुर्वेद, योग, ध्यान र प्राकृतिक चिकित्सालाई प्रवर्द्धन गर्दै गण्डकीलाई 'वेलनेस डेस्टिनेसन' बनाउने योजना पनि समावेश गरिएको छ।

शिक्षातर्फ विद्यालय तहदेखि कृत्रिम बुद्धिमत्ता (एआई), साइबर सुरक्षा र सूचना प्रविधिसम्बन्धी ज्ञान प्रदान गर्ने कार्यक्रम ल्याइएको छ। गण्डकी विश्वविद्यालयलाई विशिष्टीकृत प्राविधिक विश्वविद्यालयका रूपमा विकास गर्ने नीति पनि सरकारले लिएको छ।

युवालाई लक्षित गर्दै 'अबको निकास : युवाको विकास', 'युवाको विकास र विकासमा युवा' जस्ता नारासहित कृषि उद्यम, डिजिटल साक्षरता र उद्यमशीलतासम्बन्धी कार्यक्रम अघि सारिएका छन्। खेलकुदतर्फ 'डिजिटल एथ्लेट' अवधारणासहित खेलाडीको उपलब्धि डिजिटल अभिलेखीकरण गर्ने योजना ल्याइएको छ।

**नारा धेरै, परिणामको पर्खाइ**

'एक घर : एक धारा', 'नदी किनारका गह्रा : सधैं हराभरा' र 'एक जिल्ला, एक जलाशय' जस्ता आकर्षक नाराले नीति तथा कार्यक्रम भरिएको छ। तर अधिकांश कार्यक्रम अघिल्ला वर्षकै निरन्तरता भएकाले परिणाममुखी कार्यान्वयन नै सरकारका लागि मुख्य चुनौती हुने देखिन्छ।

प्रदेश सरकारले नतिजामूलक अनुगमन, डिजिटल शासन, कर्मचारी कार्यसम्पादन मूल्यांकन तथा आयोजना प्रमुखलाई जवाफदेही बनाउने प्रतिबद्धता जनाएको छ। अब यी घोषणा व्यवहारमा कति कार्यान्वयन हुन्छन् भन्नेमा नै नीति तथा कार्यक्रमको सफलता निर्भर रहनेछ।

**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**
**सम्पर्क : ०६५-५६३९०७**
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com




**विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना**

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**सीपमूलक तालिममा सहभागि महिलाहरू :** तनहुँको व्यास नगरपालिका-३ वडा कार्यालयको आर्थिक सहयोगमा जनभावना नेवाः खल मिसाः पुच दमौलीले सञ्चालन गरेको मकैको खोस्टाबाट विभिन्न सामग्री निर्माण गर्ने सीपमूलक तालिम सहभागि स्थानीय महिलाहरू । जेठ २३ गतेसम्म सञ्चालन हुने उक्त तालिममा ४० जना महिलाको सहभागिता रहेको छ । वडाध्यक्ष अनुप रानाले महिला लक्षित तालिमलाई व्यवहारमा उतार्दै उद्यमशीलतासँग जोडिन आग्रह गरेका छन् ।
*तस्विर : भञ्ज्याङ*

# शुक्लागण्डकीका युवालाई मिनिटिलर मर्मत तालिम

**भञ्ज्याङ समाचारदाता**/दुलेगौंडा

तनहुँको शुक्लागण्डकी नगरपालिकाले नगरभित्रका युवालाई हाते ट्र्याक्टर (मिनिटिलर) मर्मतसम्बन्धी तालिम प्रदान गरेको छ। वर्षेनी अनुदानमा वितरण गरिएका हाते ट्र्याक्टर मर्मतका लागि किसानले सास्ती खेप्दै आएको गुनासो आएपछि युवालाई सीपसँगै आम्दानीको अवसर सिर्जना गर्न तथा किसानलाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले तालिम सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाको समन्वयमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्रको आयोजनामा सञ्चालन गरिएको तालिम १५ कार्यदिन अर्थात् ७५ कार्यघण्टाको रहेको छ। नगरपालिका परिसरमा सञ्चालन भइरहेको तालिममा १२ वटै वडाका युवाको सहभागिता रहेको कृषि विकास शाखाका प्रमुख दीप उपाध्यायले



जानकारी दिए। तालिममा २६ जना युवा सहभागी छन्।

नगरपालिकाले कृषि क्षेत्रको विकासका लागि प्रत्येक वर्ष किसानलाई अनुदानमा हाते ट्र्याक्टरलगायत कृषि सामग्री उपलब्ध गराउँदै आएको जनाएको छ। पछिल्ला चार आर्थिक वर्षमा मात्रै ३८९ जना किसानलाई हाते ट्र्याक्टर तथा ३९ जनालाई कुटानी-पिसानीसम्बन्धी मेसिन उपलब्ध गराइएको नगरपालिकाले जनाएको छ।

# तनहुँमा करिब १५ हजार प्रतिष्ठानको आर्थिक गणना

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँका करिब १५ हजार प्रतिष्ठानको आर्थिक गणना गरिएको छ। जिल्ला आर्थिक गणना कार्यालय तनहुँले वैशाख २ गतेदेखि सुरू गरेको आर्थिक गणनाअन्तर्गत हालसम्म ८६ प्रतिशत अर्थात् १४ हजार ९२३ प्रतिष्ठानको गणना गरेको हो ।

कार्यालय प्रमुख ऋषिराम अधिकारीले जिल्लामा १७ हजार ३६६ प्रतिष्ठानको गणना गर्ने लक्ष्य राखिएको र त्यसका लागि ४९ गणक तथा सात जना सुपरिवेक्षक खटाइएको जानकारी दिए ।

प्रतिष्ठानको आधारभूत विवरण संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन, नीति निर्माण, योजना तर्जुमा र लक्ष्य तथा प्रगतिको मापन, कुल गार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखा अनुमानका लागि तथ्याङ्क उत्पादन गर्न आर्थिक गणना महत्त्वपूर्ण हुने उनले बताए।

कार्यालय प्रमुख अधिकारीका अनुसार आर्थिक गणनामा संकलित विवरणहरु पूर्ण रूपले गोप्य रहनेछन्। ती विवरण तथ्याङ्कीय प्रयोजनका लागि प्रयोग गरिने र सामूहिक प्रतिनिधित्व हुनेगरी मात्र प्रकाशन गरिने छ ।

विसं २०७५ मा गरिएको गणनाअनुसार जिल्लाभर १२ हजार ४३३ प्रतिष्ठान रहेका थिए । तीमध्ये छ हजार ९१५ दर्ता र पाँच हजार ५१८ दर्ता भएका थिएनन् ।

आर्थिक गणनामा कृषि, वन, पशुपालन, खानी तथा उत्खनन, औद्योगिक उत्पादन, विद्युत् तथा ग्यास, पानी आपूर्ति, फोहर व्यवस्थापन, निर्माण, थोक तथा खुद्रा व्यापार, यातायात तथा भण्डारण, आवास तथा भोजन सेवा, वित्तीय तथा बिमा, घरजग्गा व्यवसाय, शिक्षा, मानव स्वास्थ्य र सामाजिक कार्यलगायत समावेश गरिनेछन् ।

आर्थिक गणनामा औद्योगिक प्रतिष्ठानहरूको परिचयात्मक विवरण, सञ्चालन गरेका प्रमुख आर्थिक क्रियाकलाप, संस्थागत क्षेत्र, दर्ता स्थिति, रोजगारीसम्बन्धी विवरण, व्यवसाय सञ्चालन, लेखाको स्वरूप, आम्दानी तथा खर्चसम्बन्धी विवरण, ऋण, लगानी तथा वैदेशिक ऋणलगानीसम्बन्धी विवरणलगायत विविरण सङ्कलन भइरहेका कार्यालय प्रमुख अधिकारीले जानकारी दिए ।

यसैबीच सोमबार बसेको सरोकार भएकाहरूको बैठकले स्थलगत गणनाको बाँकी अवधिमा सूचनामूलक सन्देशका लागि थप प्रचारप्रसार गर्ने निर्णय गरेको छ। प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले आर्थिक गणनामा सहयोग गर्न सबैलाई आग्रह गरे । उनले गणनाका क्रममा सङ्कलित विवरण नीति, योजना तथा बजेट निर्माण प्रक्रियामा समेत महत्त्वपूर्ण सन्दर्भका रूपमा प्रयोग गरिने भएकाले यसमा सरिक हुन आग्रह गरेका हुन् ।

facebook twitter



**Narayan Gaunle**
facebook.com/ngaunle

विदेशमन्त्री यस्तो हुनुपर्छ भनेर उदाहरण दिनुपर्यो भने भारतका एस जयशंकर र ईरानका अब्बास अर्गाचीको नाम पक्कै छुट्दैन !

दुबैमा कूटनैतिक चातुर्य, आत्मविश्वास, उच्च वक्तृत्व र अन्तर्राष्ट्रिय मञ्चमा देशको स्वार्थलाई प्रतिरक्षा गर्न सक्ने क्षमता छ! भारतको अन्तर्राष्ट्रिय छवि र व्यक्तित्व निर्माणमा जयशंकरको भूमिका निकै ठूलो छ! भारतसँगका कुनै पनि ठूला टेबलटकमा जयशंकरजस्ता खारिएका, अध्ययनशील र तार्किक कूटनीतिज्ञलाई हावी हुनबाट रोक्ने काम नै चुनौतीपूर्ण हुन्छ । त्यसका लागि अर्को पक्षले ठूलो कसरत, अध्ययन र सावधानी अपनाउनुपर्छ । हामीसँग अन्तर्राष्ट्रिय एक्सपोजर भएका, आत्मविश्वासयुक्त र रिसोर्सफुल राजनैतिक व्यक्ति निकै कम छन् । हाम्रो मन्त्रिमण्डलमा स्वर्णिम वाग्ले एउटा उदाहरण हुन सक्छन् !

तर, टेबलसम्म पुग्न पनि आफ्नै खालको कूटनीति र गृहकार्य जरूरी हुन्छ ! कति मुद्दामा जति सरोकार र हतार हामीलाई हुन्छ, अर्को पक्षलाई नहुन सक्छ। पहिले त मुद्दा नै स्थापित गर्नुपर्ने पनि हुन्छ। कालापानी या लिपुलेकको मुद्दा, थप हवाई रूट र कनेक्टिभिटीको मुद्दा या सामुद्रिक पारवहनको मुद्दामा हामी जस्तो चासो र हतार भारतलाई हुँदैन। हाम्रो भूमिमार्फत् तेस्रो पक्षबाट हुने सुरक्षाचुनौती या जलस्रोतसँग सम्बन्धित विषय हाम्रो लागि भन्दा भारतको लागि बढी चासोको विषय हुनसक्छ ।

टेबलटक गर्ने भनेको, खोइ त भनेर मात्रै पनि हुँदैन! एक पक्षको चाहनाले मात्रै त्यो नहुन सक्छ। सीमाकै विषयमा पनि ९८% समस्या सकिइसकेको तर त्यही दुई प्रतिशतमा भारतले चासो नदेखाएको स्थिति छ । हवाई रूटमा पनि लामो समयको हाम्रो प्रयास उसले सुनेको छैन। बङ्गलादेश जोड्ने फूलबारी मार्गका लागि पनि दशकौँसम्म कसरत गर्नुपरेको थियो ।

मुख्य कुरा द्विपक्षीय संवाद, सम्पर्क, विश्वास र सक्रियताको हो ! निरन्तर संवाद र पहलले ठूला समस्या पनि समाधान भएका छन् ।

के स्मरण गर्नुपर्छ भने विश्वभर सीमा मुद्दा छन्, हाम्रो पनि छ । तर आजको युगमा आर्थिक, सामाजिक र पर्यावरणका मुद्दा पनि उत्तिकै ज्वलन्त छन्। भारतसँग संवाद र हल गर्नुपर्ने थुप्रै अन्य मुद्दा पनि छन्।

रवि लामिछानेको यो भ्रमण संवादको वातावरण सिर्जना गर्न फलदायी बन्न सक्छ ! उनलाई भारतले देखाएको न्यानोपनलाई हामीले सकारात्मक र सिर्जनशील ढङ्गले उपयोग गर्न सक्छौँ ! नेपालमा धेरैपछि स्थायी, बलियो र लोकप्रिय सरकार भएकाले भारतलाई पनि आफ्नो मुख्य चासो र मुद्दा सम्बोधन गर्ने अवसर छ । हामीले उसलाई पनि सुन्ने र हाम्रा चासो पनि सुनाउने अवसर छ ।

यो तस्बीरलाई उदाहरण मानेर, प्रोटोकल प्रोटोकल मात्रै नभनी राष्ट्रिय स्वार्थ र मुद्दाका लागि संवादका जस्तो सुकै अवसर पनि उपयोग गर्ने नीति हामीले अपनाउन सक्छौँ ! भेट्नु, बोल्नु या संवाद गर्नु नै लम्पसार पर्नु हो भन्ने भाष्य तोड्न सक्छौँ ! आफ्नो काम र स्वार्थलाई प्राथमिकता दिनु नै सफल कूटनीति हो !

लामिछानेको यो भारत-यात्राले संवाद र सहकार्यका थुप्रै ढोका खोल्ने आशा र विश्वास बढेको छ ! उनलाई शुभकामना !

# गण्डकी प्रदेशमा बालमैत्री नगरपालिकाको संख्या पाँच

**भञ्ज्याङ समाचारदाता**/दमौली

बागलुङको जैमिनी नगरपालिकालाई सोमबार बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषण गरिएसँगै गण्डकी प्रदेशमा बालमैत्री नगरपालिकाको संख्या पाँच पुगेको छ ।

बालमैत्री स्थानीय शासन 'राष्ट्रिय रणनीति, बालमैत्री कार्यान्वयन कार्यविधि-२०६८' र 'बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका-२०७८' मा विभिन्न ५१ सूचक पूरा गरेपछि बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका/गाउँपालिका घोषणा गर्न सकिने व्यवस्था छ ।

सरकारले विसं २०८७ सम्ममा सबै स्थानीय तहलाई बालमैत्री स्थानीय शासनयुक्त बनाउने लक्ष्य लिएको पोषणमैत्री अभियानका राष्ट्रिय सहजकर्ता विष्णुप्रसाद चौवेले जानकारी दिए ।

बाल बचाउमा १४, बाल संरक्षणमा १० बाल विकास र बाल सहभागितामा छ/छ गरी सेवा प्रवाहसम्बन्धी ३६ र संस्थागत विकासमा १५ गरी ५१ वटा सूचक पूरा हुनुपर्ने प्रावधान छ । बालमैत्री स्थानीय शासनयुक्त घोषणासँगै सम्बन्धित स्थानीय तहलाई बालश्रममुक्त, बालविवाहमुक्त र सडक बालबालिकामुक्तसमेत घोषणा गर्ने गरिएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४